## स्थानीय राजपत्र

# विद्यालय शिक्षकअनुदान सम्बन्धी मापदण्ड २०७६ (पहिलो संशोधन सहित)

खण्ड : २ संख्या : ११ मिति : २०७६/०३/२७ (पहिलो संशोधन मिति : २०७६।११।१३)

भाग २

## बोगटान फुड्सिल गाउँपालिका

# विद्यालय शिक्षकअनुदान सम्बन्धी मापदण्ड २०७६

**प्रस्तावना :**

यस बोगटान फुड्सिल गाउंपालिका अन्तरगत जम्मा ४१ वटा विद्यालयहरु रहेका छन । शिक्षक दर्बन्दि र भौतिक पुर्वाधारका हिसावले विद्यालयको अवस्थादयानिय रहेको छ । अधिकांस बिद्यालयहरुमा दर्बन्दि नै भएपनिथोरै हुनु बि.स.बढी हुनु यस गाउंपालिकाको विद्यालय क्षेत्रको समस्या रहेको छ । यि यस्तै कुराहरुलाई मध्यनजर गरि सबै भन्दा पहिले विद्यालयहरुलाई शिक्षक अनुदानदिनअ ावश्यक छ । निश्चित मापदण्डको आधारमाशैक्षिक गुणस्तर वृद्धि गर्न विद्यालयहरुलाई शिक्षक अनुदानको व्यवस्थागर्न गाउंपालिका बाट विनियोजित शिक्षातर्फको बजेटलाई संञ्चालन तथा व्यवस्थापनगर्न बोगटान फुड्सिल गाउंपालिकाले यो विद्यालय शिक्षक अनुदान सम्वन्धी मापदण्ड २०७६ तयार गरि लागु गरिएको छ ।

## परिच्छेद - १

### १. संक्षिप्त नाम विस्तार र प्रारम्भ

(१) यस मापदण्डको नाम विद्यालय शिक्षक अनुदान सम्वन्धी २०७६ रहेको छ ।

(२) यो मापदण्ड डोटी जिल्ला बोगटान फुड्सिल गाउंपालिका अन्तरगतका सामुदायिक विद्यालयहरु मालागु हुने छ ।

(३) यो मापदण्ड गाउं कार्यपालिका स्वीकृत भएको मिति देखि लाग ुहुने छ ।

### २. परिभाषा

बिषयवा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमा

(क) कार्यालय भन्नाले गाउं कार्यापालिकाको कार्यालय लाई सम्भनुपर्दछ ।

(ख) विद्यालय भन्नाले सामुदायिक विद्यालयलाई सम्भनुपर्दछ ।

(ग) शिक्षा शाखा भन्नाले बोगटान फुड्सिल गाउंपालिकाको शिक्षाशाखालाई सम्भनुपर्दछ ।

(घ) शिक्षक अनुदान भन्नाले बोगटान फुड्सिल गाउंपालिकाले जुन सामुदायिक विद्यालय मा.वि.स. बढी र शि.स. कम छन । त्यस्तो विद्यालयमा निजी स्रोतमा नियुक्त शिक्षकलाई पारिश्रमिक खुवाउन र विद्यालयमा अध्ययनरत बालबालिकाको शैक्षिक गुणस्तर अभिववृद्धि गर्ने कार्यमाखर्च गर्नका लागि छुट्याएको रकम सम्भनुपर्छ ।

**३.उद्देश्य :**

(क) नेपालको संविधान २०७२ को मुलमर्म अनुसार कक्षा तथा तहथपको अनुमतिप्राप्त गरेका तर कुनै पनिअनुदान रकम प्राप्तनगरेका निजी स्रोतमा संञ्चालित विद्यालयकानिजी स्रोत शिक्षकहरुको पारिश्रमिक रकमउपलब्ध गराई विद्यालयलाई आर्थीक भार क मगर्ने ।

(ख) अभिभावकबाट चन्दा र विद्यार्थीहरुबाट शुल्क उठाउनु पर्ने परिपाटीको अन्त गरी अभिभावक र विद्यालयको व्ययभार कमगर्ने ।

**४. कार्यक्षेत्र :**

यस बोगटान फुड्सिल गाउंपालिकाभित्र संञ्चालित सामुदायिक विद्यालयहरुमा कार्यरत प्रकृयागत रुपमा छनौट गरी नियुक्त गरिएकानिजी स्रोत शिक्षकहरु त्थानया नियुक्त गरिने निजी स्रोत शिक्षकहरु यसको कार्यक्षेत्र भित्र पर्दछन ।

**५.विद्यालयमा अनुदान वितरणका आधारहरु :**

(क) कक्षा १ देखि ३ सम्म संञ्चालित विद्यालयहरुमा कुनै पनि दरबन्दी नभएकावा १ वटा मात्र राहत / दर्बन्दी भएका विद्यालयहरुलाई विद्यार्थी संख्याका आधारमा बढीमा रु १,५०,०००।-(एक लाख पचस हजार ) सम्म अनुदानउपलब्ध गराउने ।

(ख) कक्षा १ देखि ५ सम्म संञ्चालित विद्यालयहरुमा १ वा २ वटा मात्र राहत/दर्बन्दी भएका विद्यालयहरुलाई विद्यार्थी संख्याका आधारमा बढीमा रु २,००,०००।- (दुई लाख मात्र ) सम्म अनुदान उपलब्ध गराउने ।

(ग) कक्षा १ देखि ८ सम्म संञ्चालित विद्यालयहरुमा ६-८ कक्षा सम्म एउटा पनि राहत /दर्बन्दी नभएका विद्यालयहरुलाई विद्यार्थी संख्याका आधारमा रु ३,५०,०००।-(तिन लाख पचास हजार) सम्म अनुदान उपलब्ध गराउने ।

(घ) कक्षा १ देखि १० सम्म संञ्चालित विद्यालयहरु मा.वि. तहमाकुनै पनि दर्बन्दी नभएका तथा मा.बि. तहमा १ वा २ स्वीकृत दरबन्दी भएका विद्याललाई विद्यार्थी खंख्याको आत्रारमा बढीमा रु ६,००,००० ( छ लाख ) सम्म अनुदान गराउने ।

(ङ) शिक्षक अनुदान दिदा विद्यार्थी संख्याका अतिरिक्त विद्यालयको तल्लो तहको दर्बन्दी शैक्षिक भौतिक र आर्थीक अवस्था हेरी विद्यालयहरुलाई दिईने अनुदान रकम फरक हुन सक्ने छ ।

**६.निजी स्रोतको शिक्षक सम्वन्धी व्यबस्था :**

(क) यदि यो मापदण्ड पूर्व नै प्रचलित ऐन नियम बमोजिम शिक्षक विद्यालयहरुमा छनौट भई निजी स्रोतमा कार्यरत शिक्षकहरुको विद्यालय व्यवस्थापन समितिको निर्णय बमोजिजम अनुदान बाट तलब भत्ता खुवाउन म्याद थप गर्ने र निजी स्रोतमा शिक्षक नियुक्त नगरेका विद्यालयहरुले प्रचलित ऐन नियम बमोजिम प्रकृया पुर्याई निजी शिक्षक नियुक्त गर्ने ।

**७. अनुदान निकासा तथा सो को लेखा परीक्षण सम्वन्धी :**

(क) विद्यालयमा निजी स्रोतमा कार्यरत शिक्षकको विद्यालय व्यावस्थापन समितिको निर्णयानुसार म्यादथप गरी नियमानुसार अनुदान रकमबाट तलव भत्ता खुवानु पर्ने छ ।

(ख) गाउंपालिकाबाट अनुदानखाने निजी स्रोत शिक्षकहरुको नियुक्ति तथा म्याद थप व्यक्तिगतविपरण हाजिरी प्रमाणित पारिश्रमिक बुझेको भर्पाई सहितको फाईल तयार गरि १ प्रति विद्यालयले राख्ने र १ प्रति शिक्षा शाखामा पेश गर्नु पर्ने छ ।

(ग) अनुदान रकमको बिल भर्पाई तथा खर्चको विवरण सम्वन्धी कागजात विद्यालयले अभिलेख राखी गाउंपालिका बाट नियुक्त लेखापरीक्षक बाट लेखापरीक्षण गराई सो को प्रतिवेदन शिक्षा शाखामा पेश गर्नु पर्ने छ ।

**८.यस मापदण्डमा अल्लेखित शर्तहरुको पालना तथा आधार प्राप्त नगरेमा गाउंपालिका बाट दिईने अनुदान रकमअपलब्ध गराईने छैन ।**

**९.अनुदान रकमको खर्चको लेखापरीक्षण गराउने जिम्मेवारी विद्यालयको रहनेछ ।**

**१०.यो मापदण्डको संञ्चालन तथा कार्यान्वयनमा कुनै बाधाब्यवधानवा समस्या देखिएमागाउं कार्यपालिकाको निर्णय अन्तिम हुनेछ ।**

**आज्ञाले**

**प्रमुख प्रशासकीय अधिकृत**